# मिति २०८१/०९/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको मागदावी</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>जितेन्द्र कुमार चौधरी (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०२७६ र फैसला मिति २०८०/०९/२९)</td>
<td>कमिशन तथा घुस/रिसवत लिई भ्रष्टाचार गरेको</td>
<td>भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ६ र दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निज जितेन्द्र कुमार चौधरी उपर सेवाग्राहीबाट गैरकानूनी तवरले लिए खाएको कमिशन तथा घुस रिसवत वापतको रकम विगो रु.३५¸००¸००० ।– कायम गरी भ्रष्टाचार निवारण ऐन¸ २०५९ को दफा ६ समेतमा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को</td>
<td>फैसलाः<br>प्रतिवादी जितेन्द्र कुमार चौधरीले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारः<br>क. भूमी इन्फास्ट्रक्चर प्रा.लि.का संचालक शुभम् भन्ने भावेश बोहराले सो अवधिमा रु.३२,७९,४२५।८८ को मात्र ठेक्काको लागि रु. ३५,००,०००।— कमिशन दिने भन्ने तथ्य विश्वासप्रद छैन।<br>ख. वादी पक्षका साक्षी शुभम् भन्ने भावेश बोहरालाई बकपत्रका लागि अदालत समक्ष</td>
<td>उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ।<br>क. प्रतिवादी जितेन्द्र कुमार चौधरीले सेवाग्राही भूमि ईन्फ्रास्ट्रक्च्चर प्रा.लि. र उक्त प्रा.लि.संग ज्वाईन्ट भेन्चरमा ठेक्कामा काम गर्ने ठेकेदारहरु समेतको भूमि ईन्फ्रास्ट्रक्च्चर प्रा.लि.का संचालक शुभम भन्ने भावेश बोहराबाट बाटो निर्माण गर्ने विभिन्न स्वीकृत आयोजनाहरुको काम शुरु गर्दा दिईने मोबिलाईजेशन रकमबाट रु.३५,००,०००।- गैरकानूनी तवरले सेवाग्राहीबाट कमिशनको नाममा घुस रिसवत लिइ श्रीमती किरण चौधरीको खातामा जम्मा गर्न लगाई निज जितेन्द्र कुमार चौधरीले भ्रष्टाचार घुस रिसवत मुद्दामा विगो रु.३५¸००¸०००।– कायम गरी दायर भएको प्रस्तुत मुद्दामा भूमि ईन्फ्रास्ट्रक्च्चर प्रा.लि.का संचालक शुभम भन्ने भावेश बोहराले जे.भी.बाट संचालन गरेका ठेक्काहरुको विवरण निम्नानुसार रहेको भनी सडक डिभिजन कार्यालय विराटनगरको च.नं.८६ मिति २०७६।०५।०१, च.नं. ५१५ मिति २०७६।०८।१४ रच.नं. ६१३ मिति २०७६।०९।२२ गतेको पत्र रहेको छ।
<table>
<tr><th>सि नं</th><th>निर्माण व्यवसायीको नाम</th><th>ठेक्का नं.</th><th>बोलपत्र स्वीकृत मिति</th><th>आयोजना शुरु मिति</th><th>ठेक्का रकम</th></tr>
<tr><td>१</td><td>रमण भूमी जे.भी</td><td>९/०७४/०७५</td><td>२०७४।१२।१२</td><td>२०७५।०२।२१</td><td>६,२१,२९,९०१।९३</td></tr>
<tr><td>२</td><td>रमण भूमी जे.भी</td><td>१०/०७४/०७५</td><td>२०७५।०२।१०</td><td>२०७५।०२।२०</td><td>८,७०,५५,०००।-</td></tr>
<tr><td>३</td><td>रमण भूमि जोया एण्ड ब्रदर्स जे.भी.</td><td>११/०७४/०७५</td><td>२०७५।०१।०५</td><td>२०७५।०३।०७</td><td>९,५०,३४,९०१।४१</td></tr>
<tr><td>४</td><td>हिमदुङ एण्ड थोकर देव एण्ड सायर भूमि जे.भी.</td><td>१४/०७४/०७५</td><td>२०७५।०२।१०</td><td>२०७५।०२।२४</td><td>१२,२२,८७,५६९।५२</td></tr>
<tr><td>५</td><td>हिमदुङ एण्ड थोकर देव एण्ड सायर भूमि जे.भी</td><td>१६/०७४/०७५</td><td>२०७५।०१।०५</td><td>२०७५।०२।२१</td><td>१०,८६,५७,३३८।१५</td></tr>
<tr><td>६</td><td>रमण देव एण्ड सायर भूमि जे.भी.</td><td>२४२/०७४/०७५</td><td>२०७४।०३।२८</td><td>२०७४।०३।२७</td><td>२६,९४,०६,६४०।२८</td></tr>
<tr><td>७</td><td>जोया एण्ड ब्रदर्श निकिता जे.भी.</td><td>१९२,१९३,१९४/०७४/०७५</td><td>२०७४।०२।०४</td><td>२०७४।०२।३१</td><td>१,८३,०५,४२५।५०</td></tr>
<tr><td>८</td><td>देव एण्ड सायर भूमि जे.भी.</td><td>१५५,१५६/०७३/०७४</td><td>२०७३।१२।२५</td><td>२०७३।१२।२९</td><td>४,८१,६३,८१५।-</td></tr>
<tr><td>९</td><td>भूमि ईन्फ्रास्ट्रक्च्चर</td><td>१५२/०७३/०७४</td><td>२०७३/१२/१६</td><td>२०७३।१२।२७</td><td>३२,७९,४२५।८८</td></tr>
</table>
</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खण्ड (छ) बमोजिम सजाय हुन र दफा ३ को उपदफा (१) बमोजिम लिएको घुस रिसवत रकम रु. ३५,००,०००। –जफत हुन | उपस्थित गराउन नसकेको।<br>**ग.** शुभम् भन्ने भावेश बोहराले करार बमोजिमको रकम क्षतिपूर्ति दिलाई पाउँ भन्ने मुद्दामा करारलाई मान्यता दिई विगो र व्याज समेत भरिभराउ गर्ने गरी सक्षम अदालतबाट फैसला भैसकेकाले यस अदालतले अन्यथा व्याख्या गरी भ्रष्टाचार ठहर गर्न नमिल्ने | \| \| प्रा.लि. \| \| \| \| \|<br><br>प्रस्तुत तालिकाबाट भुमि इन्फास्ट्रक्चर प्रा.लि. र उक्त प्रा.लि.को साझेदारीमा अन्य प्रा.लि.संग गरिएको सम्झौताबाट प्रतिवादी जितेन्द्र कुमार चौधरीले भावेश वोहरा संलग्न रहेको फर्महरुलाई आ.व. २०७३, २०७४ र २०७५ मा गरी ९ वटा बोलपत्र स्वीकृत गरेको सडक डिभिजन कार्यालय विराटनगरको पत्र समेतले पुष्टि गरेको देखिन्छ। माथि तालिकामा उल्लेख भए अनुसारको बोलपत्रहरुको प्रतिवादीले माग गरेको ठेक्काको ०.२५ प्रतिशत देखि १ प्रतिशत सम्म कमिशन बापतको रकम रु.३५,००,०००।— निज जितेन्द्र कुमार चौधरीको श्रीमती किरण चौधरीको खातामा पटक पटक गरी कमिशन रकम जम्मा गरेको देखिदा देखिदै केवल भूमि इन्फास्ट्रक्चर प्रा.लि.को ठेक्का रकम रु.३२,७९,४२५।८८ लाई मात्र आधार बनाई सो को कमिशन रु.३५,००,०००।— दिएको भन्ने अनुमान गर्न नसकिने भन्ने अर्थ गरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br><br>**ख.** माथि तालिकामा उल्लेख भए अनुसार ठेक्का प्राप्त गर्ने व्यक्ति भावेश बोहराले अनुसन्धानको क्रममा वयान गर्दा, प्रतिवादी जितेन्द्र कुमार चौधरीले दवाव र प्रभावमा पारी पुरानो मिति उल्लेख गरी झुठा जग्गा बैनाको कागज गरेको हो। जितेन्द्र कुमार चौधरीलाई प्रत्येक ठेक्का वापत ०.२५ प्रतिशत देखि १ प्रतिशत सम्म कमिसन नदिई काम नगरि दिने भएकोले मैले जे.भी. समेतमा काम गरेका विभिन्न ठेक्काबाट नगदसमेत गरि रु.३७,००,०००।–भन्दा माथिको रकम दिएको हो निज जितेन्द्र चौधरीले भनेको नमान्दा मोविलाईजेशन रनिङ बिल समेत नदिने, रकम लिन गारो बनाउने भएकोले बाध्यातामा परी अन्य कुनै विकल्प नभएकोले निजलाई कमिशन दिएको हुँ कमिशन रकम मिलाउनका लागि पुरानो मिति राखेर जग्गा वैना कागज गरेको हो भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। त्यसै गरी प्रतिवादी जितेन्द्र कुमार चौधरीले अनुसन्धानको क्रममा गरेको वयानमा निज सडक डिभिजन कार्यालय विराटनगरमा कार्यरत रहदा भूमि ईन्फ्रास्ट्रक्चर प्रा.लि. लगायतका विभिन्न ठेकेदारहरुका नाममा बाटो निर्माण सम्बन्दी विभिन्न ठेक्काहरु परेका थिए। ति ठेक्काहरुको प्रकृया, कार्य शुरु गर्न समेतका कार्यालयका कामका लागि मैले सहजिकरण गरि दिएको थिए। मैले सरल सहज रुपमा काम गरि दिए वापत खुशीराजीका साथ भूमि ईन्फ्रषस्ट्रक्चर प्रा.लि.का शुभम बोहराले मेरो श्रीमतीको नाममा रहेको खातामा विभिन्न मितिमा रु.३५,००,०००।- रकम जम्मा गरि दिएका हुन भनी कमिशन रकम लिएकोमा स्वीकार गरेको अवस्था देखिएकोमा यि प्रतिवादीको श्रीमतीको खातामा जम्मा भएको रु.३५,००,०००।—कमिशन वापतको रकम हो भन्ने तथ्य पुष्टि भएको देखिन्छ। उक्त ठेक्का प्राप्त गर्ने व्यक्ति भावेश बोहरा बकपत्रको लागि अदालतमा उपस्थित नभएतापनि अनुसन्धानको क्रममा गरेको वयानबाट कमिशन दिएको तथ्य पुष्टि भईरहेकोले उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) बमोजिम प्रमाण लिन मिल्ने नै देखिदा देखिदै सोको विपरित प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको त्रुटिपूर्ण फैसला बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **ग.**प्रतिवादी जितेन्द्र कुमार चौधरीले अनुसन्धानको बयानका क्रममा उक्त रकम रु.३५,००,०००।— भावेश बोहराले ठेक्का परेको कमिसन वापत मेरो श्रीमतीको खातामा जम्मा गरिदिएका हुन् भनी स्वीकार गरेकोमा पछि फौजदारी कसूरबाट उन्मुक्ति पाउने अभिप्रायले निज भावेश बोहरालाई दवाव र प्रभावमा पारी झुठा बैना कागजलाई आधार लिई करार बमोजिमको रकम दिलाई पाउँ भन्ने मुद्दा दायर गर्न लगाई मिलेमतोमा नै उक्त मुद्दाको छिट्टै टुंगो समेत लगाई प्रस्तुत मुद्दामा निज भावेश बोहरालाई बकपत्रका लागि उपस्थित हुन नदिएको अवस्था स्पष्ट बुझ्न सकिन्छ। भ्रष्टाचार मुद्दाको अनुसन्धान प्रारम्भ भए पश्चात प्रतिवादी जितेन्द्र कुमार चौधरीले ठेक्का प्राप्त गर्ने ब्यक्ति भावेश बोहरालाई मिलाई बनावटी घरसारको बैना कागज बनाई उक्त कागज कै आधारमा अदालतमा नालेश गरी मिलुवा प्रतिउत्तर लगाई उक्त वैना कागजलाई आधार लिई फैसला गराएको भएतापनि कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले Created evidence खडा गरेकोले सो आधारमा भएको फैसला त्रुटीपूर्ण छ। यसरी झुठा लिखतलाई प्रमाणमा लिई फौजदारी कसूरबाट उन्मुक्ति दिदै जाने हो भने भ्रष्टाचार घुस/रिसवत जस्तो फौजदारी कसूर मुद्दा दायर गर्नुको औचित्यता रहदैन। तसर्थ "शुभम् भन्ने भावेश बोहराले करार बमोजिमको रकम क्षतिपूर्ति दिलाई पाउँ भन्ने मुद्दामा करारलाई मान्यता दिई विगो र व्याज समेत भरिभराउ गर्ने गरी सक्षम अदालतबाट फैसला भैसकेकाले यस अदालतले अन्यथा व्याख्या गरी भ्रष्टाचार ठहर गर्न नमिल्ने" भन्ने आधार ग्रहण गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ। |